त्रिभुवन विश्वविद्यालय

# मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्र प्रणालीमा आधारित

## स्नातकोत्तर (एम.ए.) नेपालीको पाठ्यक्रम

२०८०

त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

**मूल नेपाली विषय समिति**

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
नेपाल

# सत्र प्रणालीमा आधारित
# स्नातकोत्तर (एम.ए.) नेपालीको पाठ्यक्रम

## १. पाठ्यक्रमको उद्देश्य

### (१) पाठ्यक्रमको तहगत उद्देश्य

नेपाली विषयमा स्नातकोत्तर (एम.ए.) तहका पाठ्यक्रमको तहगत उद्देश्य निम्नलिखितनुसारको उच्चस्तरीय जनशक्तिको उत्पादन गर्नु हुनेछ :

१. नेपाली भाषा तथा नेपाली साहित्य र लोकसाहित्यका विभिन्न विधाको विभिन्न कोणबाट विवेचना, समीक्षा, समालोचना र शोधकार्य गर्नसक्ने,
२. नेपाली भाषा, साहित्य र वाङ्मयसँग सम्बद्ध विभिन्न संस्थामा नेपाली विशेषज्ञका रूपमा काम गर्नसक्ने,
३. नेपाली भाषामा लिखित पुस्तक, पत्रपत्रिका र लेखको सम्पादन गर्नसक्ने,
४. नेपाली साहित्यका गद्य र पद्यका विभिन्न विधामा स्तरीय सिर्जना गर्नसक्ने,
५. उच्च शिक्षासँग सम्बद्ध विभिन्न शैक्षिक संस्थामा नेपाली विषयका शिक्षकका रूपमा प्राध्यापन गर्नसक्ने,
६. नेपाली विषयमा दर्शनाचार्य-विद्यावारिधि उपाधिका लागि आधारभूत शैक्षिक पूर्वयोग्यता प्राप्त गर्नसक्ने ।

### (२) पाठ्यक्रमको विषयगत उद्देश्य

पाठ्यक्रमको तहगत उद्देश्य प्राप्त गर्ने सन्दर्भमा यस पाठ्यक्रममा निर्धारित विभिन्न पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान, सिप र क्षमता प्राप्त गर्न समर्थ हुनेछन् :

१. नेपाली भाषा, साहित्य र लोकसाहित्यका विभिन्न विधाका विभिन्न पक्षमा उच्चस्तरीय ज्ञान प्राप्त गर्न र त्यसको समुचित प्रयोग गर्न,
२. नेपाली भाषा, साहित्य र लोकसाहित्यका ऐतिहासिक, सैद्धान्तिक तथा प्रायोगिक पक्षको विस्तृत ज्ञान प्राप्त गरी त्यसका आधारमा नेपाली भाषा, साहित्य र लोकसाहित्यको विभिन्न कोणबाट व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्न,
३. शोधविधिको ज्ञानप्राप्तिका साथै नेपाली भाषा, साहित्य र लोकसाहित्यसम्बन्धी शोधकार्य गर्न,
४. नेपाली भाषा, साहित्य र लोकसाहित्यका विशेषज्ञका रूपमा समाजमा उत्तरदायित्व वहन गर्न र नेपाली भाषा, साहित्यमा सिर्जनात्मक, समालोचनात्मक तथा अनुसन्धानात्मक कार्य गर्न,
५. नेपाली भाषामा प्रकाशित हुने पुस्तक, पत्रपत्रिका तथा अन्य सामग्रीहरूको सम्पादन गर्न,
६. पूर्वीय र पाश्चात्य साहित्यका विभिन्न धारा, विधा, व्यक्ति र कृतिबारे ज्ञान प्राप्त गर्न,
७. आधुनिक नेपाली साहित्यको उत्तरर्ती चरणका विभिन्न विधाका धारा, व्यक्ति, कृति र प्रवृत्तिबारे ज्ञान प्राप्त गर्न,
८. नाटक, रङ्गमञ्च र रङ्गकर्मबारे आधारभूत ज्ञान र सिप प्राप्त गर्न,
९. नेपाली साहित्यमा प्रतिविम्बित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक जीवनका विधि पक्ष र मानव अन्तस्करणका सूक्ष्मतम भावको आस्वादनद्वारा स्वस्थ, सन्तुलित र उच्चतम संस्कारतर्फ अभिमुख हुन ।

## २. नेपाली एम.ए. तहका निम्ति प्रवेशयोग्यता तथा भर्ना

(क) त्रि.वि.बाट कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण भएको वा

(ख) त्रि.वि.बाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण भएको र त्रि.वि.बाट स्नातक तहको समकक्षता प्राप्त गरेको वा

(ग) स्नातक तह उत्तीर्ण गरी त्रि.वि. द्वारा विदेशीहरूका लागि निर्धारित नेपाली विषयको तीन वर्षे स्नातक उत्तीर्ण गरेका विदेशी विद्यार्थीहरू पनि प्रवेशसम्बन्धी प्रक्रिया पूरा गरी यस तहमा भर्ना हुन सक्नेछन् ।

**द्रष्टव्य :**

१. कुनै पनि सङ्काय वा अध्ययन संस्थानबाट कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीहरूले स्नातकोत्तर तहमा नेपाली विषय अध्ययन गर्नका लागि प्रवेशपरीक्षामा अनिवार्य रूपमा सामेल भई उत्तीर्ण भएको हुनुपर्नेछ ।
२. प्रवेशपरीक्षा उत्तीर्ण भएका विद्यार्थीहरूका लागि आवश्यकताअनुसार विभागले विशेष अतिरिक्त कक्षाको व्यवस्था गर्न सक्नेछ ।
३. विभागबाट सञ्चालित कक्षापरीक्षा तथा पूर्वसत्रान्त परीक्षामा अनिवार्य रूपमा सामेल भई उत्तीर्ण भएको हुनुपर्नेछ ।
४. कक्षापरीक्षा तथा पूर्वसत्रान्त परीक्षामा अनिवार्य रूपमा सामेल भई उत्तीर्ण भएका विद्यार्थीले मात्र सत्रान्त परीक्षाको फारम भर्न पाउनेछ ।

## ३. स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रमको रूपरेखा

पहिलो सत्र : क्रेडिट आवर ३×५= १५

| पाठ्यांश कोड नम्बर | पाठ्यांश शीर्षक | पाठ्यांशको स्वरूप |
|---|---|---|
| ५०१ | सामान्य भाषाविज्ञान | अनिवार्य |
| ५०२ | पाठसम्पादन | अनिवार्य |
| ५०३ | नेपाली फुटकर कविता | अनिवार्य |
| ५०४ | नेपाली साहित्यको इतिहास | अनिवार्य |
| ५०५ | पाश्चात्य साहित्य सिद्धान्त र वाद | अनिवार्य |

दोस्रो सत्र : क्रेडिट आवर ३×५= १५

| पाठ्यांश कोड नम्बर | पाठ्यांश शीर्षक | पाठ्यांशको स्वरूप |
|---|---|---|
| ५५१ | ऐतिहासिक तथा सामाजभाषाविज्ञान र नेपाली भाषा | अनिवार्य |
| ५५२ | संस्कृत काव्यशास्त्र | अनिवार्य |
| ५५३ | नेपाली लोकसाहित्य | अनिवार्य |
| ५५४ | नेपाली आख्यान | अनिवार्य |
| ५५५ | पाश्चात्य समालोचना प्रणाली | अनिवार्य |

तेस्रो सत्र : क्रेडिट आवर ३×५= १५

| पाठ्यांश कोड नम्बर | पाठ्यांश शीर्षक | पाठ्यांशको स्वरूप |
|---|---|---|
| ६०१ | नेपाली महाकाव्य र खण्डकाव्य | अनिवार्य |
| ६०२ | नेपाली समालोचना | अनिवार्य |
| ६०३ | नेपाली नाटक र निबन्ध | अनिवार्य |
| ६०४ | आधुनिक नेपाली साहित्यको उत्तरवर्ती चरण | अनिवार्य |
| | **कुनै एक विषय लिने** | |
| ६०५.१ | भाषिक अध्ययन परम्परा | ऐच्छिक |
| ६०५.२ | नेपाली लोकवार्ता | ऐच्छिक |
| ६०५.३ | आप्रवासी नेपाली साहित्य | ऐच्छिक |
| ६०५.४ | एसियाली साहित्यको अध्ययन | ऐच्छिक |

चौथो सत्र : क्रेडिट आवर ३×४= १२+६= १८

| पाठ्यांश कोड नम्बर | पाठ्यांश शीर्षक | पाठ्यांशको स्वरूप |
|---|---|---|
| ६५१ | शोधविधि | अनिवार्य |
| ६५२ | सिर्जनात्मक लेखन | अनिवार्य |
| ६५३ | पूर्वीय दर्शन | अनिवार्य |
| | **कुनै एक विषय लिने** | |
| ६५४.१ | भाषिक अध्ययनका प्रमुख पद्धति | ऐच्छिक |
| ६५४.२ | नेपाली रङ्गमञ्च र चलचित्र | ऐच्छिक |
| ६५४.३ | शैलीविज्ञानिक र संरचनावादी समालोचना पद्धति | ऐच्छिक |
| ६५४.४ | संस्कृत तथा पाश्चात्य साहित्यको अध्ययन | ऐच्छिक |
| | **कुनै एक लेख्नुपर्ने** | |
| ६५५.१ | शोधपत्र लेखन | अनिवार्य |
| ६५५.२ | सिर्जनापत्र लेखन | अनिवार्य |

जम्मा क्रेडिट आवर = १५+१५+१५+१८=६३

**द्रष्टव्य :**

१. यस पाठ्यक्रमअन्तर्गतका पहिलो तथा दोस्रो सत्रका सबै पाठ्यांशहरू अनिवार्य हुनेछन् । तेस्रो र चौथो सत्रमा अनिवार्य र ऐच्छिक गरी दुवै प्रकृतिका पाठ्यांश रहनेछन् । तेस्रो सत्रमा ६०५.१, ६०५.२, ६०५.३ र ६०५.४ ऐच्छिक पाठ्यांशमध्ये कुनै एक पाठ्यांश मात्र लिनुपर्नेछ । चौथो सत्रमा ६५४.१, ६५४.२, ६५४.३ र ६५४.४ ऐच्छिक पाठ्यांशमध्ये कुनै एक पाठ्यांश मात्र लिनुपर्नेछ । ऐच्छिक पाठ्यांशहरूको पढाइ विभागले निर्धारण गरेअनुसार हुनेछ । यस्ता ऐच्छिक पाठ्यांशहरू विभागद्वारा आफ्नो साधनस्रोतअनुसार निर्धारण गरिनेछन् ।

२. चौथो सत्रमा शोधपत्र ६५५.१ वा सिर्जनापत्र ६५५.२ मध्ये कुनै एक पत्र लिनु अनिवार्य हुनेछ ।

## ४. शिक्षणविधि/क्रियाकलाप

यस पाठ्यांशको अध्ययन-अध्यापनका क्रममा प्रयोग हुने शिक्षणविधि/क्रियाकलापलाई दुई भागमा वर्गीकरण गरिएको छ । अधिकांश पाठ्यवस्तुहरू अध्यापन गर्न प्रयोग गरिने शिक्षणविधिलाई साधारण शिक्षणविधिमा तथा कुनै निश्चित एकाइअन्तर्गतका पाठ्यवस्तु अध्यापन गर्न प्रयोग गरिने शिक्षणविधिलाई विशिष्ट शिक्षणविधिअन्तर्गत राखिएको छ ।

### (१) साधारण शिक्षणविधि/क्रियाकलाप

प्रत्येक एकाइमा आवश्यकतानुसार व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, कक्षाकार्य, गृहकार्य, पुस्तकालयकार्य, परियोजनाकार्य एवं प्रस्तुतीकरणविधिका उपयोग गरिनेछ । एकाइको प्रकृतिअनुरूप पाठ्यपुस्तक, सन्दर्भसामग्री, तालिका र आरेखहरूको पनि उपयोग गरिनेछ ।

### (२) विशिष्ट शिक्षणविधि/क्रियाकलाप

कक्षा क्रियाकलाप निर्देशन, संयोजन, अभ्यास कक्षा, सम्पर्क कक्षा, सुधारात्मक कक्षा सञ्चालनमा शिक्षकको भूमिका रहनेछ । विभिन्न पाठ्यवस्तु विषयशिक्षकको कक्षागत व्याख्यानबाट मात्र नभई विषयशिक्षकले निर्देशन गरेअनुसार विद्यार्थीहरूबाट गरिने समूहकार्य र कक्षाप्रस्तुति, परियोजना कार्य र गोष्ठीपत्र, अध्ययनपत्र लेखन (व्यक्तिगत र समूहगत), छलफल र प्रस्तुति, द्वितीयक स्रोतका सामग्रीमा आधारित अध्ययनपत्र लेखन आदि प्रायोगिक कार्यबाट पूरा गरिनेछ । प्रायोगिक कार्यका लागि अन्य उपयोगी शिक्षणविधि विषय शिक्षकले पनि निर्धारण गर्न सक्नेछन् । एकाइगत पाठ्यवस्तुको प्रायोगिक अभ्यासका लागि निर्धारित विशिष्ट शिक्षणविधिमा आवश्यकतानुसार विषयशिक्षकले विद्युतीय उपकरणको समेत प्रयोग गरी प्रायोगिक कार्य गराउन सक्नेछन् । प्रत्येक पाठ्यांशका प्रत्येक एकाइहरूको प्रायोगिक कार्य विषयशिक्षकले नै गराउनेछन् । थप शिक्षणविधि विषयशिक्षकले निर्धारण गरेअनुसार हुनेछ ।

## ५. मूल्याङ्कनप्रक्रिया

शोधपत्र र सिर्जनापत्र लेखनबाहेकका सबै पाठ्यांशको मूल्याङ्कनप्रक्रिया आन्तरिक मूल्याङ्कन र सत्रान्त परीक्षा गरी दुई प्रकारको हुनेछ । आन्तरिक मूल्याङ्कनको पूर्णाङ्क ४० र सत्रान्त परीक्षाको पूर्णाङ्क ६० हुनेछ ।

### (१) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि ४०% अङ्कभार छुट्ट्याइएको छ । उक्त मूल्याङ्कनकार्य सम्पन्न गर्न निर्दिष्ट पाठ्यवस्तुअन्तर्गत रही विषयशिक्षकले निम्नलिखित आधारहरू अवलम्बन गर्नुपर्नेछ :

(१) कक्षा उपस्थिति - ५ अङ्क
(२) शिक्षण सिकाइमा सहभागिता - ५ अङ्क
(३) पहिलो आन्तरिक मूल्याङ्कन (कक्षा परीक्षा) - १० अङ्क
(४) दोस्रो आन्तरिक मूल्याङ्कन (पूर्वसत्रान्त परीक्षा) - २० अङ्क

पहिलो र दोस्रो आन्तरिक मूल्याङ्कनमा निम्नलिखित कार्यहरू समावेश गर्न सकिनेछ :

(१) पहिलो आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य/पुस्तकालयकार्य/पुस्तक वा लेख पुनरवलोकन, कक्षागत सुधार परीक्षा ।
(२) दोस्रो आन्तरिक मूल्याङ्कनका लागि परियोजना कार्य, अवस्था/घटनाको अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन, द्वितीयक स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन, पूर्वाध्ययन, पुनरवलोकन र अभिलेखीकरण तथा आन्तरिक परीक्षा ।

उपर्युक्त पहिलो तथा दोस्रो आन्तरिक मूल्याङ्कनका निम्ति विषयको प्रकृति हेरी सम्बद्ध शिक्षकले कुनै एक वा एकभन्दा बढी पद्धतिको निर्धारण गर्न सक्नेछन् ।

**द्रष्टव्य :**

आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सत्रान्त परीक्षामा प्राप्त अङ्कको २० प्रतिशतभन्दा बढी भएमा २० प्रतिशतको अन्तरभित्रै समायोजन गरिनेछ ।

### (२) सत्रान्त परीक्षा

१. सत्रान्त परीक्षा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायबाट लिइनेछ ।
२. सत्रान्त परीक्षामा सहभागी हुनका लागि सबै विषयको आन्तरिक मूल्याङ्कनमा उत्तीर्ण भएको हुनुपर्नेछ ।
३. सत्रान्त परीक्षामा सहभागी हुनका लागि ८०% उपस्थिति अनिवार्य हुनेछ ।
४. क्रेडिट आवर ३ भएका पाठ्यांशको सत्रान्त परीक्षाको पूर्णाङ्क ६० र समय ३ घण्टाको हुनेछ । प्रायोगिक कार्यसमेत हुने पाठ्यांशमा भने पूर्णाङ्क ४० र समय २ घण्टाको हुनेछ ।

५. सत्रान्त परीक्षाका लागि लामो उत्तरात्मक, छोटो उत्तरात्मक, प्रायोगिक/बोधात्मक/सप्रसङ्ग व्याख्यात्मक/समस्यामूलक/वस्तुगत प्रकृतिका प्रश्नहरू सोधिनेछन् । लामो उत्तरात्मक तथा छोटो उत्तरात्मक प्रश्नहरूमा वैकल्पिक प्रश्नहरू रहनेछन् भने प्रायोगिक/बोधात्मक/सप्रसङ्ग व्याख्यात्मक/समस्यामूलक/वस्तुगत प्रकृतिका प्रश्नमा वैकल्पिक प्रश्नहरू रहनेछैनन् । एउटा प्रश्नको उत्तरका लागि दुईवटा, दुईवटा प्रश्नको उत्तरका लागि तीनवटा, तीनवटा प्रश्नको उत्तरका लागि पाँचवटा, चारवटा प्रश्नको उत्तरका लागि छवटाको अनुपातमा वैकल्पिक प्रश्नहरू सोधिनेछ ।

सत्रान्त परीक्षाको प्रश्ननिर्माण ढाँचा निम्नलिखितअनुसार हुनेछ :

| प्रश्न सङ्ख्या | लामो उत्तरात्मक प्रश्न | | छोटो उत्तरात्मक प्रश्न | | प्रायोगिक/बोधात्मक प्रश्न | | सप्रसङ्ग व्याख्यात्मक/ समस्यामूलक/ वस्तुगत प्रश्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सोधिने | उत्तर दिने | सोधिने | उत्तर दिने | सोधिने | उत्तर दिने | सोधिने | उत्तर दिने |
| १ | ३ | २ | ६ | ४ | १ | १ | १ | १ |
| अङ्कभार | प्रतिप्रश्न १२ अङ्क | | प्रतिप्रश्न ६ अङ्क | | प्रतिप्रश्न ८ अङ्क | | | |
| जम्मा | | २४ | | २४ | - | ६ | - | ६ |
| | | | | | | | पूर्णाङ्क | ६० |

**द्रष्टव्य :**

लामो उत्तरात्मक प्रश्न र छोटो उत्तरात्मक प्रश्न सबै पाठ्यांशमा अनिवार्य हुनेछन् भने प्रायोगिक/बोधात्मक प्रश्न र सप्रसङ्ग व्याख्यात्मक/समस्यामूलक/वस्तुगत प्रश्न पाठ्यांशको प्रकृतिअनुसार क्रमशः कुनै एक/एक प्रश्न हुनेछन् । सप्रसङ्ग व्याख्याका लागि दिइने प्रश्नमा स्रोतसन्दर्भ दिइनेछ ।

## ६. श्रेणीनिर्धारण

प्रत्येक सत्रको अन्त्यमा सत्रान्त परीक्षा प्रणालीअनुसार परीक्षा लिइनेछ । प्रत्येक सत्रका निम्ति निर्धारित प्रत्येक पाठ्यांशमा न्यूनतम ५०% अङ्क प्राप्त गरी उत्तीर्ण हुनुपर्नेछ र ५०% र सोभन्दा माथि अङ्क प्राप्त गर्ने परीक्षार्थीको श्रेणी निर्धारण अक्षर प्रणालीअनुसार हुनेछ । श्रेणी निर्धारण विद्यापरिषद्ले मानविकी तथा सामाजिक शास्त्र सङ्कायका लागि निर्धारण गरेअनुसार हुनेछ ।

## ७. विविध

१. यो पाठ्यक्रम शैक्षिक सत्र २०८०/२०८१ (सन् २०२३) देखि लागु हुनेछ ।
२. यस पाठ्यक्रमको पढाइ सत्र प्रणालीअनुसार चार सत्रमा पूरा हुनेछ ।
३. यस पाठ्यक्रमअन्तर्गतका चार सत्रमा क्रमशः पहिलो सत्रमा १५ क्रेडिट आवर, दोस्रो सत्रमा १५ क्रेडिट आवर, तेस्रो सत्रमा १५ क्रेडिट आवर र चौथो सत्रमा १८ क्रेडिट आवर गरी जम्मा ६३ क्रेडिट आवरका पाठ्यांशहरू रहनेछन् ।
४. सबै विद्यार्थीले प्रत्येक पाठ्यांशसँग सम्बद्ध विभागद्वारा तोकिएको ढाँचामा ३०००-३५०० शब्दमा आवधिकपत्र लेखी विभागमा अनिवार्य रूपमा बुझाउनुपर्ने छ । आवधिकपत्रको ढाँचा यसप्रकार हुनेछ :
   (१) विषयपरिचय
   (२) अध्ययनविधि
   (३) विश्लेषण
   (४) निष्कर्ष
   सन्दर्भसामग्री

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर

पाठ्यांश शीर्षक : **सामान्य भाषाविज्ञान**
पाठ्यांश कोड : ५०१
तह : स्नातकोत्तर
सत्र : पहिलो

पाठ्यांश प्रकृति : सैद्धान्तिक र प्रायोगिक
क्रेडिट आवर : ३
पाठघण्टा :४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्र प्रणालीमा आधारित चार सत्र (दुई वर्ष) स्नातकोत्तर (एम. ए.) तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो। यो पाठ्यांश भाषा र भाषाविज्ञान, ध्वनिविज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञानको सैद्धान्तिक ज्ञानका साथै तत्सम्बन्धी प्रायोगिक कार्यको अभ्यासमा केन्द्रित छ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्य निम्नलिखित रहेका छन् :

१. भाषा र भाषाविज्ञानसँग परिचित गराउने,
२. ध्वनिविज्ञान र यसका शाखाहरूको परिचय दिने,
३. वर्णविज्ञानका आधारभूत पक्षको जानकारी दिई त्यसको विश्लेषण गर्नसक्ने क्षमताको अभिवृद्धि गर्ने,
४. रूपविज्ञानबारे सैद्धान्तिक ज्ञानका साथै रूपविश्लेषणसम्बन्धी सिपको विकास गर्ने,
५. वाक्यविज्ञानका आधारभूत पक्षको ज्ञानका साथै वाक्यविश्लेषणसम्बन्धी सिपको विकास गर्ने,
६. अर्थविज्ञानको सैद्धान्तिक ज्ञानका साथै अर्थविश्लेषणका विभिन्न ढाँचासँग परिचित तुल्याउने।

## ३. विशिष्ट उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान, सिप र क्षमताको विकास गर्न सक्षम हुनेछन् :

१. भाषा र भाषाका विशेषता, साङ्केतिक र कम्प्युटरीकृत भाषाको परिचय दिन,
२. भाषाविज्ञान, यसका प्रमुख शाखा र प्रायोगिक भाषाविज्ञानबारे जानकारी प्राप्त गर्न,
३. ध्वनिविज्ञान तथा यसका शाखाहरूको परिचय दिन,
४. ध्वनि अवयव र तिनका कार्य तथा खण्डीय र खण्डेतर ध्वनिको परिचय दिन,
५. मानस्वर र अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमालाको परिचय प्राप्त गर्न,
६. वर्णविज्ञान र वर्णविश्लेषण सिद्धान्तको परिचय दिन तथा नेपालीका खण्डीय र खण्डेतर वर्णको निर्धारण गर्न,
७. अक्षरको परिचय दिन र अक्षरका प्रकार छुट्ट्याउन,
८. रूपविज्ञानको परिचय, रूपको निर्धारण, रूप र संरूपको परिचय र प्रकार बताउन,
९. एकाइ र प्रक्रिया, एकाइ र समायोजन, एकाइ र रूपावलीबारे जानकारी दिन,
१०. सन्धि र सन्धिव्यवस्थाबारे परिचय प्राप्त गर्न,
११. वाक्यविज्ञान, पदक्रम र पदावली संरचनाको परिचय दिन,
१२. व्याकरणात्मक प्रकार्य, पदावलीका संरचक घटकको परिचय दिन,
१३. निकटघटक विश्लेषण, सरल वाक्यका प्रकार्यस्थल र भरकसम्बन्धी मान्यता प्रस्तुत गर्न,
१४. रूपान्तरण नियम, अवशेष र सञ्चलन, रूपान्तरणका मूल प्रतिबन्धनको सामान्य परिचय दिन,
१५. वाक्य संयोजन प्रक्रिया, एकीकृत वाक्यमिश्रण प्रक्रिया, वाक्यका प्रकार र आश्रयकबारे जानकारी प्राप्त गर्न
१६. अर्थविज्ञानको परिचय, क्षेत्र र प्रकृति, अर्थका प्रकार, शब्दार्थ सम्बन्ध, कारकीय अर्थ र प्रकरणार्थविज्ञानबारे जानकारी प्राप्त गर्न।

## ४. पाठ्यविषय

### एकाइ एक : भाषा र भाषाविज्ञान

१.१ भाषाको परिचय र विशेषता
१.२ साङ्केतिक भाषा र कम्प्युटरीकृत भाषाको परिचय
१.३ भाषाविज्ञान र यसका शाखाहरू
१.४ प्रायोगिक भाषाविज्ञानको परिचय
  १. कोशविज्ञान
  २. मनोभाषाविज्ञान
  ३. त्रुटिविश्लेषण
  ४. व्यतिरेकी विश्लेषण
१.५ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

**एकाइ दुई : ध्वनिविज्ञान**

२.१ ध्वनिविज्ञानको परिचय
२.२ ध्वनिविज्ञानका शाखाहरूको परिचय
१. औच्चारिक ध्वनिविज्ञान
२. साञ्चारिक ध्वनिविज्ञान
३. श्रावणिक ध्वनिविज्ञान
२.३ ध्वनि अवयव र तिनका कार्य
१. प्रेरक अवयव र श्वासमार्ग
२. स्वरतन्त्री, विवर र अवरोध
३. स्थान र करण
२.४ भाषिक ध्वनिको वर्गीकरण
१. खण्डीय (स्वर र व्यञ्जन, आक्षरिक र अनाक्षरिक)
२. खण्डेतर (दीर्घता, अनुनासिकता, सुर र बलाघात)
२.५ मानस्वरको परिचय
३.६ अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमालाको परिचय
३.७ नेपाली ध्वनिको आलेखन
३.८ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

**एकाइ तीन : वर्णविज्ञान**

३.१ वर्णविज्ञानको परिचय
३.२ वर्णविश्लेषण सिद्धान्त
१. व्यतिरेकी वितरण
२. परिपूरक वितरण
३. मुक्त वितरण
४. ध्वन्यात्मक समानता
५. ढाँचागत समानता
६. मितव्ययिता र निर्विषमीकरण
३.३ नेपालीका खण्डीय र खण्डेतर वर्णको व्यतिरेकी वितरण
३.४ अक्षरको परिचय
३.५ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

**एकाइ चार : रूपविज्ञान**

४.१ रूपविज्ञानको परिचय
४.२ रूपको निर्धारण : संरचना, अर्थ र परिवेश
४.३ रूप र संरूपको परिचय
४.४ रूपका प्रकार
१. मुक्त : प्रकार्यात्मक र रूपायक
२. बद्ध : सर्ग र धातु
३. कोशीय : आधार र व्युत्पादक
४. व्याकरणात्मक
४.५ रूपतात्विक सन्दर्भमा धातु, प्रत्यय प्रातिपदिक शब्द र पदको परिचय
४.६ रूपविश्लेषण सिद्धान्त
१. एकाइ र प्रक्रिया
२. एकाइ र समायोजन
३. एकाइ र रूपावली
४.७ नेपालीमा व्याकरणात्मक धारा वा कोटिका सङ्केतक रूपहरूको परिचय
४.८ सन्धिविज्ञानको परिचय
१. ध्वन्यात्मक परिवेश र सन्धि
२. रूपात्मक परिवेश र सन्धि
३. सन्धि नियमन र त्यसको ढाँचा

४.९ संस्कृत सन्धिसम्बन्धी अवधारणा
१. आन्तरिक र बाह्य
२. नियमित र अनियमित
३. स्वचालित र अस्वचालित
४.१० नेपाली सन्धिव्यवस्था, सन्धिनियमनको स्वरूप र ढाँचा
४.११ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

**एकाइ पाँच : वाक्यविज्ञान**

५.१ वाक्यविज्ञानको परिचय
५.२ पदक्रम र पदावली संरचनाको परिचय
५.३ व्याकरणात्मक प्रकार्य
१. उद्देश्यत्व र विधेयत्व
२. प्रत्यक्ष कर्म र अप्रत्यक्ष कर्म
३. शीर्ष (हेड) र विशेषक (स्पेसिफायर)
५.४ पदावलीका शाखा र यसका संरचक घटक
५.५ निकटघटक विश्लेषण र घटकक्रम
१. अनुक्रम
२. भङ्गक्रम
५.६ सरल वाक्यका प्रकार्यस्थल र भरकसम्बन्धी मान्यता
५.७ रूपान्तरण नियमको परिचय
१. अनिवार्य र ऐच्छिक
२. अर्थ परिवर्तक र अपरिवर्तक
३. विध्यर्थक, सम्भावनार्थक र वाच्यान्तरणात्मक
५.८ अवशेष र सञ्चलनको परिचय
५.९ रूपान्तरणका मूल प्रतिबन्धन
५.१० वाक्य संयोजन प्रक्रिया, संयुक्त वाक्यका प्रकार र नेपालीका संयुक्त वाक्य
५.११ एकीकृत वाक्य मिश्रण प्रक्रिया र प्रकार तथा नेपालीका एकीकृत मिश्र वाक्य
५.१२ उपवाक्यको प्रयोग
१. मिश्र वाक्यका नाम उपवाक्य : कर्ता, प्रत्यक्ष कर्म, अप्रत्यक्ष कर्म, पूरक
२. विशेषण उपवाक्य : सामान्य पूरक
३. क्रियाविशेषण उपवाक्य : स्थान, प्रक्रिया, रीति, समय आदि बुझाउने
५.१३ आश्रयक र नेपालीमा तिनको कार्य
५.१४ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

**एकाइ छ : अर्थविज्ञान**

६.१ अर्थविज्ञानको परिचय
६.२ अर्थविज्ञानको क्षेत्र र प्रकृति
६.३ अर्थका प्रमुख प्रकार
१. अवधारणात्मक अर्थ
२. कोशीय अर्थ
३. व्याकरणिक अर्थ
४. साहचर्यात्मक अर्थ र प्रसङ्गार्थ
६.४ शब्दार्थसम्बन्धका प्रमुख ढाँचा
१. समानार्थकता
२. विपरीतार्थकता
३. समावेशार्थकता
४. समध्वन्यात्मकता
६.५ कारकीय अर्थ
६.६ प्रकरणार्थविज्ञानको परिचय
६.७ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

## ५. सन्दर्भसामग्री


खगेन्द्रप्रसाद लुइटेल, *कोशविज्ञान,* काठमाडौं : प्रस्तुति प्रकाशन ।
- - -, (सम्पा.), *बल्लभमणि दाहालका भाषिक चिन्तन,* काठमाडौं : रत्नपुस्तक भण्डार ।
चूडामणि बन्धु, *नेपाली भाषाको उत्पत्ति,* काठमाडौं : साझा प्रकाशन ।
- - -, *भाषाविज्ञान,* काठमाडौं : साझा प्रकाशन ।
जीवेन्द्रदेव गिरी, *भाषाविज्ञान, भाषा र भाषिका,* काठमाडौं : एकता प्रकाशन ।
जोन लियोन्स, *सैद्धान्तिक भाषाविज्ञान,* (अनु.) सत्यकाम वर्मा, नई दिल्ली : मुन्सीराम मनोहरलाल
टङ्क न्यौपाने, *भाषाविज्ञानको रूपरेखा,* सुनसरी : एन.बी. डी प्रकाशन ।
टङ्क न्यौपाने र गोविन्दराज भट्टराई, *ध्वनिविज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।
देवीप्रसाद गौतम, *रूपान्तरण व्याकरण,* काठमाडौं : चिरञ्जीवी घिमिरे ।
देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, *ध्वनिविज्ञान र वर्णविज्ञान,* काठमाडौं : नवीन प्रकाशन ।
देवीप्रसाद गौतम र प्रेमप्रसाद चौलागाईं, *सामान्य भाषाविज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।
ब्लुमफिल्ड, *भाषा,* (अनु.) विश्वनाथप्रसाद, दिल्ली : मोतीलाल, बनारसीदास ।
भोलानाथ तिवारी, *आधुनिक भाषाविज्ञान,* दिल्ली : लिपि प्रकाशन ।
माधवप्रसाद पोखरेल, *ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनिपरिचय,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
रवीन्द्रनाथ श्रीवास्तव, *अनुप्रयुक्त भाषाविज्ञान : सिद्धान्त एवं प्रयोग,* दिल्ली : राधाकृष्ण प्रकाशन ।
रामचन्द्र लम्साल, *कोशविज्ञान र नेपाली कोश,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
रामराज पन्त, *नेपाली भाषाविज्ञान,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
सुकुम शर्मा, *नेपाली भाषामा टर्नरको योगदान,* काठमाडौं : ओरिएन्टल पब्लिकेसन ।
Cahrles F. Hockett, *A Course in Modern Linguisttics,* New Delhi: Oxford & Ibh Publishing Co. Pvt. Ltd.
David crystal, *A Dictionary of Linguistics & Phonetics*, Melbourne : Blackwell Publishing.
F. R. Palmar, *Semantics*, London: Cambridge.
Geoffrey Leech, *Semantics*, England : Penguin Books .
Radhey I. Varshney, *An Indroductiory Textbook of Linguistic & Phonetics,* Bareilly: Student Store.
S. K. Verma and N. Krishnaswamy, *Modern Linguistics*, New Delhi: Oford.
Varshney, R .L., *AN Introductory Tet Book of Linguistics and Phonetics*, Bareilly: Student Store.


त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

मानविकी तथा सामाजिक शास्त्र संकाय
डीनको कार्यालय
कीर्तिपुर

पाठ्यांश शीर्षक : **पाठसम्पादन**
पाठ्यांश सङ्केत : ५०२
तह : स्नातकोत्तर
सत्र : पहिलो

पाठ्यांश प्रकृति : सैद्धान्तिक र प्रायोगिक
क्रेडिट आवर : ३
पाठघण्टा : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्र प्रणालीमा आधारित चार सत्र (दुई वर्ष) स्नातकोत्तर (एम.ए.) तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यो पाठ्यांश पाठसम्पादनको सैद्धान्तिक ज्ञानका आधारमा तत्सम्बन्धी नेपाली भाषामा सिर्जित पाठसम्पादनको प्रायोगिक कार्यको अभ्यासमा केन्द्रित छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्य निम्नलिखित रहेका छन् :

१. पाठसम्पादनको सैद्धान्तिक ज्ञान प्रदान गर्ने,
२. पाठसम्पादनका पद्धति र प्रक्रियाको परिचय दिने,
३. शैलीपुस्तिकाको प्रयोग गरी विभिन्न पुस्तक, पत्रिका, लेखरचना आदिको सम्पादन गर्ने,
४. नेपालीमा लिखित पाठको शुद्ध र प्रभावकारी सम्पादन गर्ने सिप र दक्षता प्राप्त गर्ने ।

## ३. विशिष्ट उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान, सिप र क्षमताको विकास गर्न सक्षम हुनेछन् :

१. सम्पादनको परिचय, अर्थ, परिभाषा, प्रयोजन र महत्त्वबारे बताउन,
२. पाठसम्पादन, सिर्जनात्मक लेखन र प्रुफसंशोधनको भिन्नता पहिल्याउन,
३. पाठसम्पादनका क्षेत्र, प्रकार र तहहरूको परिचय दिन,
४. पाठसम्पादनका प्रमुख पद्धतिहरूको पहिचान गर्न,
५. पाठको प्रयोजनअनुरूप विधाचयन, शब्दचयन, वाक्यरचना, अनुच्छेदरचना, सङ्कथन तथा सङ्केत चिह्नसम्बन्धी ज्ञान हासिल गर्न,
६. पाठसम्पादनमा प्रयोजपरकता, लेख्यचिह्न, अन्तर्भाषिकता र कानुनी दायित्वबारे ज्ञान हासिल गर्न,
७. पाठसम्पादनका प्रक्रिया, यसका प्रकार, तह तथा मानदण्ड निर्धारण गर्न,
८. कृतिको प्रारम्भिक सम्पादन र रेखाङ्कन तथा शब्द, वाक्य, चित्र आदिको सामान्य संशोधन र निर्देशनात्मक टिपोट गर्न,
९. वस्तु र पाठविन्यासका सहसम्बन्धको सम्पादन गर्न,
१०. शीर्षक र उपशीर्षकको चयन, पादटिप्पणी, उद्धरण, अनुक्रमणिका, परिशिष्ट र सन्दर्भसामग्रीसूचीको सम्पादन गर्न,
११. वर्णविन्यास र लेख्य चिह्नहरूको मानक प्रयोग गरी प्रुफसंशोधन गर्न,
१२. पाठको विषयवस्तु, पाठविन्यास, भाषा, चित्र र क्याप्सनका बीचको सहसम्बन्ध केलाई सम्पादनमा प्रायोगिक क्षमता प्राप्त गर्न,
१३. प्रकाश्य सामग्री तयारीका विभिन्न चरणबारे परिचित हुन तथा छपाइ अवस्थाको सम्पादन गर्न,
१४. शैलीपुस्तिकाको परिचय र आवश्यकतासम्बन्धी ज्ञान प्राप्त गर्न,
१५. पाठमा परिच्छेद विभाजन, शीर्षक, उपशीर्षक, मूलपाठ र अनुच्छेद संरचना गर्न,
१६. पृष्ठाङ्कन, उद्धरण र सङ्क्षेपीकृत रूपको परिचय र प्रयोग गर्न,
१७. फन्टको आकारप्रकार, पृष्ठसजावट, रङ एवं विशिष्ट ढाँचाको प्रयोग गर्न,
१८. समग्र पाठमा एकरूपताका साथ शैलीपुस्तिकाको प्रयोग गर्न,
१९. शैली पुस्तिकाको प्रयोग गरी मुद्रणसामग्री प्रकाशन गर्ने सिप हासिल गर्न ।

## ४. पाठ्यविषय

### एकाइ एक : पाठसम्पादनको सैद्धान्तिक परिचय

१.१ पाठसम्पादनको परिचय, अर्थ, परिभाषा, प्रयोजन र महत्त्व
१.२ पाठसम्पादन, सिर्जनात्मक लेखन र प्रुफसंशोधनमा भिन्नता
१.३ पाठसम्पादनका क्षेत्र : पुस्तक, कोश, पत्रिका (समाचारमूलक र साहित्यिक), प्रतिवेदन र पटकथा
१.४ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय कीर्तिपुर

१.५ पाठसम्पादनका प्रकार

१. विषयवस्तु सम्पादन : अन्तर्वस्तु, तार्किक सङ्गठन, शैली र संरचना

२. भाषासम्पादन : वर्णविन्यास, लेख्यचिह्न, व्याकरण, बोधगम्यता र एकरूपता

१.६ पाठसम्पादनका तहहरू : सामान्य सम्पादन, गुणवृद्धि (एट्रिब्युटिङ) सम्पादन र रूपभेदी (रिफर्मिङ) सम्पादन

१.७ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

**एकाइ दुई : पाठसम्पादनका प्रमुख पद्धति**

२.१ पाठसम्पादनका पद्धतिको परिचय

२.२ विधाचयन : विषयवस्तु, विचार, भाव, संरचना, शैलीको अनुरूपता

२.३ शब्दचयन : वर्णविन्यास, उच्चारण, पदकोटि, अर्थ, पर्यावाची, व्युत्पत्ति र स्रोत

२.४ वाक्यरचना : व्याकरणात्मक र आलङ्कारिक

२.५ अनुच्छेदरचना : शीर्षवाक्य, केन्द्रीय भाव, क्रमिकता, तार्किकता र पूर्णता

२.६ सङ्कथन : संसक्ति, सहयोजना, अभिप्राय, स्वीकार्यता, सूचनात्मकता, सन्दर्भ, परिस्थिति र अन्तर्पाठात्मकता

२.७ प्रयोजनपरकता, लेख्यचिह्न, अन्तर्भाषिकता र कानुनी दायित्व

२.८ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

**एकाइ तीन : पाठसम्पादनका प्रमुख प्रक्रिया**

३.१ पाठसम्पादन प्रक्रियाको परिचय

३.२ कृतिचयन र कृतिको गहन पठन

३.३ पाठसम्पादनका प्रकार, तह तथा मानदण्ड निर्माण

३.४ कृतिको प्रारम्भिक सम्पादन र रेखाङ्कन तथा शब्द, वाक्य, चित्र आदिको सामान्य संशोधन र निर्देशनात्मक टिपोट

३.५ वस्तु र पाठविन्यासका सहसम्बन्धको सम्पादन

१. विषयवस्तु, संरचना, तालिका, आरेख, चित्र र शैलीका अनुकूलताको सम्पादन

२. छन्द, लय, बिम्ब, प्रतीक, विचलन, दृष्टिविन्दु आदिको औचित्यका आधारमा कृतिको गुणवृद्धि सम्पादन

३. अनुच्छेदको क्रमिकता, तार्किकता र पूर्णताको सम्पादन

३.६ शीर्षक र उपशीर्षकको चयन, पाददटिप्पणी, उद्धरण, अनुक्रमणिका, परिशिष्ट र सन्दर्भसामग्रीसूचीको सम्पादन

३.७ प्रुफसंशोधन

१. वर्णविन्यास र लेख्य चिह्नहरूको मानक प्रयोग र त्रुटिनिराकरण,

२. प्रुफसंशोधनका चिह्नहरूको प्रयोग, कम्प्युटरबाट प्रत्यक्ष प्रुफसंशोधनको प्रयोग

३.८ प्रकाश्य सामग्री (पीआरसी : प्रेस रेडी कपी) को तयारी

१. पृष्ठाकार, अक्षराकार, शीर्षक, स्थान, फोटो, चित्र, क्याप्सन, गाता आदि सजावटको अन्तिम छनोट

२. छुटपुट भाषिक त्रुटिको अन्तिम संशोधन

३.९ छपाइ अवस्थाको सम्पादन : रङ विनियोजन (कलर सेपरेसन) पछि बाँकी रहेका भाषिक त्रुटि, रङ र अनुशीर्षकको सूक्ष्म निरीक्षण, संशोधन र कृति प्रकाशन

३.१० उपर्युक्त विविध पक्षमा केन्द्रित प्रायोगिक अभ्यास

**एकाइ चार : पाठसम्पादनमा शैलीपुस्तिकाको प्रयोग**

४.१ शैलीपुस्तिकाको परिचय र आवश्यकता

४.२ पाठमा परिच्छेद विभाजन, शीर्षक, उपशीर्षक, मूलपाठ र अनुच्छेद संरचना

४.३ पृष्ठाङ्कन, उद्धरण र सङ्क्षेपीकृत रूपको परिचय र प्रयोग

४.४ फन्टको आकारप्रकार, पृष्ठसजावट, रङ एवं विशिष्ट ढाँचाको प्रयोग

४.५ समग्र पाठमा एकरूपताका साथ शैलीपुस्तिकाको प्रयोग

४.६ उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

**द्रष्टव्य :**

१. विद्यार्थीहरूका मात्र लेखरचना समावेश गरी विषयशिक्षकको निर्देशनमा ८×११ (एफोर आकार) को पत्रिकाको ढाँचामा कम्तीमा २४ पृष्ठको पत्रिका निर्माण गरी विभागमा प्रस्तुत गर्ने र बाह्य विज्ञबाट मूल्याङ्कन गराउने,

२. यो पत्र सैद्धान्तिक र प्रायोगिक दुवै प्रकृतिको हुनेछ । यसको सत्रान्त परीक्षा पूर्णाङ्क ४० (चालीस) तथा पत्रिका प्रकाशन पूर्णाङ्क २० (बीस) को हुनेछ ।

## ५. सन्दर्भसामग्री


खगेन्द्रप्रसाद लुइटेल, *मानक नेपाली वर्णविन्यास* (नियम, समस्या र समाधान), काठमाडौं : पैरवी प्रकाशन ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.) *रत्न बृहत् नेपाली समालोचना* (प्रायोगिक खण्ड), काठमाडौं : रत्न पुस्तक भण्डार ।

वासुदेव त्रिपाठी, *साहित्य सिद्धान्त : शोध तथा सृजनविधि*, काठमाडौं : पाठ्यसामग्री पसल ।

शरच्चन्द्र वस्ती, *हाम्रो भाषा*, काठमाडौं : एकता बुक्स यान्ड डिस्ट्रिब्युटर्स ।

*शैली पुस्तिका*, काठमाडौं : गोरखापत्र संस्थान ।

*शैली पुस्तिका*, काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

विभिन्न प्रकाशनगृहका शैलीपुस्तिका ।

Baskette, Floyd K. , Sissors , Jack Zanville, *The Art of Editing*, London: Macmillan.

Butcher, Judith , *Copy-editing For Editors, Authors, Publishers*. Beijing: Tsinghua University Press.

David Crystal and Derek Davy, *Investigating English Style*, London: Taylor & Francis.

पाठ्यांश शीर्षक : **नेपाली फुटकर कविता**

पाठ्यांश सङ्केत : ५०३
तह : स्नातकोत्तर
सत्र : पहिलो

पाठ्यांश प्रकृति : सैद्धान्तिक र प्रायोगिक
क्रेडिट आवर : ३
पाठघण्टा : ४८

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्र प्रणालीमा आधारित चार सत्र (दुई वर्ष) स्नातकोत्तर (एम.ए.) तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यो पाठ्यांश कविताको सैद्धान्तिक स्वरूप, निर्धारित कविका कविताको आस्वादन र बोध, तिनको व्याख्या, विश्लेषण एवं तत्सम्बन्धी प्रायोगिक कार्यको अभ्यासमा केन्द्रित हुनेछ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्य निम्नलिखित रहेका छन् :

१. पूर्वीय, पाश्चात्य र नेपाली सन्दर्भबाट कविताको सैद्धान्तिक परिचय दिने,
२. नेपाली कविताका विभिन्न धाराका निर्धारित कविका प्रवृत्ति र योगदानको विवेचना गर्ने,
३. विभिन्न धाराका कविहरूका निर्धारित फुटकर कविताको आस्वादन, विश्लेषण र मूल्याङ्कन गर्ने ।

## ३. विशिष्ट उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान, सिप र क्षमताको विकास गर्न सक्षम हुनेछन् :

१. कविताको परिचय, परिभाषा, स्वरूप, संरचक घटक र वर्गीकरणबारे सैद्धान्तिक ज्ञान प्राप्त गर्न,
२. यदुनाथ पोखऱ्याल, ज्ञानदिलदास, मोतीराम भट्ट र बहादुरसिंह बरालका काव्यप्रवृत्ति र योगदानको निरूपण गर्न तथा निर्धारित कविका निर्धारित कविताको विवेचना र विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न,
३. लेखनाथ पौड्याल र बालकृष्ण समका कवितायात्रा, काव्यप्रवृत्ति र योगदानको निरूपण गर्न तथा निर्धारित कविका निर्धारित कविताको विवेचना र विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न,
४. लक्ष्मीप्रसाद देवकोटा र माधवप्रसाद घिमिरेका कवितायात्रा, काव्यप्रवृत्ति र योगदानको निरूपण गर्न तथा निर्धारित कविका निर्धारित कविताको विवेचना र विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न,
५. मोहन कोइराला र वैरागी काँइलाका कवितायात्रा, काव्यप्रवृत्ति र योगदानको निरूपण गर्न तथा निर्धारित कविका निर्धारित कविताको विवेचना र विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न,
